कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं.२०७८।७९

च.नं. :

फोन नं:०१०-५४२०१६

## घर भाडामा लिने सम्बन्धी सूचना !

प्रकाशित मितिः२०७८/०४/२२

यस कालिका गाउँपालिका अन्तर्गत १ नं वडा, राम्चेमा हाल सञ्चालनमा रहेको प्रि-फाइबको स्वास्थ्य चौकी भवन भत्काइ उक्त स्थानमा नयाँ स्वास्थ्य चौकी भवन निर्माण गर्नुपर्ने हुँदा नयाँ भवन निर्माण भई हस्तान्तरण नभएसम्मका लागि स्वास्थ्य चौकीबाट प्रदान गरिदै आएको नियमित स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि तपसिलबमोजिमको घर भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कालिका गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. कालिका-१, राम्चे बजार क्षेत्रभित्र २०७२ सालको भुकम्पपश्चात भवन मापदण्डबमोजम निर्माण भएको र कम्तिमा ९ कोठा (कोठाको लम्बाइ कम्तिमा १० फिट र चौडाइ कम्तिमा ९ फिट) भएको पक्की घर हुनुपर्नेछ।
२. भाडामा दिने घरमा पानी बत्ति र शौचालयको राम्रो व्यवस्था भएको हुनुपर्नेछ। साथै भाडामा दिने घर मूल सडकसँग जोडिएको वा एम्बुलेन्स जानसक्ने बाटोको व्यवस्था भएको हुनुपर्नेछ।
३. प्रस्ताव पेश गर्दा घरधनीले भाडामा दिन मन्जुरीमा गरेको पत्र वा स्वघोषणा पत्र संलग्न गरी मासिक भाडाको रकम, अङ्क र अक्षरमा खुलाई पेश गर्नुपर्नेछ।
४. घरधनीले प्रस्ताव पेश गर्दा निवेदनसाथ घर जग्गाको धनी दर्ता प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपि, नक्सापासको प्रतिलिपि, घरधनीको नगरिकताको प्रतिलिपि, आ.व २०७७/०७८ मा आर्थिक ऐन, २०७७ बमोजिम सम्पत्ति कर तिरेको रसिदको प्रतिलिप संलग्न गर्नुपर्नेछ।
५. घरधनी आफै वा कानुनबमोजिम वारेसबमोजिमको वारेसमार्फत् प्रस्ताव पेश गर्नुपर्नेछ।
६. प्रस्ताव पेश गर्ने अन्तिम मितिः सूचना प्रकाशन भएको सात दिनभित्र (यदि अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सकिनेछ)।
७. प्रस्ताव पेश गर्ने स्थानः कालिका गाउँ कार्यापालिकाको कार्यालय, प्रशासन शाखा, धैबुङ रसुवा।
८. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्बन्धमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
९. यस बारेमा थप जानकारी लागि यस गाउँपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

Sunuwar 2078/04/22.

नि.प्रमुख प्रशासकीय अधिकृत